# ओमसतिया गाउँपालिका
Omsatiya Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
हाटी फर्साटिकर, रुपन्देही
Hati Pharsatikar, Rupandehi
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal


प.सं./Ref No. ०७६/७७
सु. च.नं./Dispatch No. ९६

मिति : २०७६/११/२९

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको यस गाउँपालिका भित्रको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्ने छ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट **www.pmep.gov.np** बाट प्राप्त गर्न सकिने छ ।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड :

१. निवेदन दिदाको मितिसम्म सोही आर्थिक बर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको ।
२. निवेदन दिदाको मितिसम्म सोही आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिन रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको ।
३. १८ देखि ५९ वर्ष उमेर समूहमा पर्ने ।
४. पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको ।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजातहरु :

१. ओमसतिया गाउँपालिकाभित्र स्थायी बसोबास गरेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
(नागरिकतामा स्थायी बसोबास ओमसतिया गाउँपालिका नदेखिएमा बसाइसराई वा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि )
२. बेरोजगार व्यक्ति (निवेदक) को परिवारमा भएका सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि र नागरिकता नभएको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. बेरोजगार व्यक्ति (निवेदक) को पासपोर्ट साइजको फोटो १ प्रति ।
४. शैक्षिक योग्यता र सीप भएको हकमा सोको प्रमाणपत्रको प्रतिलिपि ।

**पुनश्च :**

बेरोजगार व्यक्तिहरुले अनुसूचि १ बमोजिमको निवेदनमा उल्लेखित सम्पूर्ण विवरणहरु (आफ्नो परिवारका सम्पूर्ण व्यक्तिहरुको पूर्ण विवरण, पारिवारिक आय र सम्पर्क नं. समेत) अनिवार्य रुपमा भर्नुपर्नेछ ।

०६/११/२९

दुर्गा पौडेल
प्रमुख प्रशासकीय अधिकृत